(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

# न्यायिक कोष ऐन, २०४३

| | |
|---|---|
| | <u>लालमोहर र प्रकाशन मिति</u> |
| | २०४३।७।२४।२ |
| <u>संशोधन गर्ने ऐन</u> | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[◆] | २०६६।१०।७।५ |

२०४३ सालको ऐन नं. १२

[2]....................

<u>न्यायिक कोषको स्थापना गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> फिर्ता गर्नुपर्ने कोर्ट फी, दण्ड जरिबाना, धरौटी वा जमानतको रकम फिर्ता गर्ने काम छिटोछरितो गराउन, अदालत–भवन र न्यायाधीश तथा अदालतमा कार्यरत अन्य कर्मचारीहरुको आवास–भवन बनाउन, त्यस्ता भवनहरुको विस्तार, मर्मत र स्याहार–सम्भार गर्न तथा न्याय सम्बन्धी अरु आवश्यक कार्यहरु गर्न समेत आवर्ती कोष (रिभल्विङ्ग फण्ड) को रुपमा एक न्यायिक कोषको स्थापना गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "न्यायिक कोष ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको न्यायिक कोष सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. कोषको स्थापनाः (१) न्यायिक कोष नामको एक कोषको स्थापना गरिएको छ ।

(२) कोषलाई आवर्ती कोष (रिभल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

४. कोषमा रहने रकमः कोषमा देहायका रकमहरु रहने छन्ः–

(क) नेपाल सरकारबाट समय–समयमा प्राप्त अनुदान,

(ख) मुद्दाका पक्षले राखेको धरौटी वा जमानतको रकम ।

५. कोषको प्रयोगः कोषको रकम देहायका कार्यहरुमा खर्च गरिनेछः–

(क) कानून वा अदालतको फैसला वा आदेश बमोजिम फिर्ता गर्नुपर्ने कोर्ट फी, दण्ड जरिबाना वा अन्य रकम फिर्ता गर्न,

(ख) अदालतको फैसला वा आदेश बमोजिम फिर्ता गर्नुपर्ने धरौटी वा जमानत रकम फिर्ता दिन,

(ग) कानून वा अदालतको फैसला वा आदेश बमोजिम दिनुपर्ने पुरस्कार र अन्य रकम दिन,

(घ) अदालत भवन, न्यायाधीश र अदालतका अन्य कर्मचारीको आवास–भवन बनाउन र त्यस्ता भवनहरुको विस्तार, मर्मत

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

एवं स्याहार–सम्भार गर्न र आवश्यक भएमा त्यसको लागि जग्गा खरिद गर्न,

(ङ) कानून बमोजिम अदालतले गर्नुपर्ने अन्य कुनै न्यायिक कार्यमा खर्च गर्न ।

६. <u>सोधभर्ना गर्नेः</u> दफा ५ को खण्ड (क) वा (ग) बमोजिम दिएको वा फिर्ता गरेको रकम नेपाल सरकारबाट कोषमा सोधभर्ना गरिनेछ ।

७. <u>सञ्चालक समितिको गठनः</u> (१) कोषको सम्पूर्ण काम कारबाहीको सञ्चालन र रेखदेख गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछः–

| | | |
|---|---|---|
| (क) | प्रधान न्यायाधीश | अध्यक्ष |
| (ख) | सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश | सदस्य |
| (ग) | महान्यायाधिवक्ता | सदस्य |
| (घ) | नेपाल सरकारको सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (ङ) | रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य–सचिव |

(२) सञ्चालक समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

८. <u>कोषको व्यवस्था र सञ्चालनः</u> (१) कोषमा जम्मा हुने रकम तोकिएको बैङ्कमा तोकिएको खातामा जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

९. <u>अधिकार प्रत्यायोजनः</u> समितिले आफ्नो कुनै अधिकार अदालतका न्यायाधीश वा कर्मचारीलाई सुम्पन सक्नेछ ।

१०. <u>नियम बनाउने अधिकारः</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि समितिको सिफारिसमा नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

---

<u>द्रष्टव्यः</u> केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(संवत् २०८१ साल पुस मसान्तसम्म भएका संशोधन मिलाइएको)

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

*(मिति २०८१।९।२० गते अद्यावधिक गरेको)*